## गाउँ कार्यपालिकाका अध्यक्ष गणेश बहादुर थापाज्यूले भगवतीमाई गाउँपालिकाको गाउँसभामा प्रस्तुत गर्नु भएको

# भगवतीमाई गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को बार्षिक नीति तथा कार्यक्रम

## भगवतीमाई गाउँपालिका,
## गाउँ कार्यपालिकाको कार्यालय, दैलेख
## कर्णाली प्रदेश, नेपाल

# भगवतीमाई गाउँपालिका गाउँसभाको १३ औं अधिवेशनमा प्रस्तुत आ.व. २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रम

प्रदेश सभा सदस्य माननीय श्री पूर्ण बहादुर खत्री ज्यू, जिल्ला समन्वय समितिका सदस्यज्यू, गाउँपालिकाका उपाध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, गाउँसभा सदस्य ज्यूहरु,

भगवतीमाई गाउँपालिका, गाउँसभाको १३ औं अधिवेशनमा उपस्थित सम्पुर्णलाई हार्दिक स्वागत गर्दछु । यस अवसरमा नेपालको स्वाधिनता र आमूल परिवर्तनका लागि लड्नु भएको वीर पुर्खा, अमर सहिद र अग्रजहरुप्रति उच्च सम्मान व्यक्त गर्दै देशको आमुल परिवर्तनमा उहाँहरुले पुऱ्याउनु भएको योगदानको स्मरण गर्न चाहान्छु । देशको ऐतिहासिक राजनीतिक परिवर्तन र समाज रुपान्तरणको लागि त्याग,तपस्या र वलिदानी गर्नुहुने घाइते, अपांगता भएका योद्धा, वेपत्ता र सहिद परिवारप्रति उच्च सम्मान प्रकट गर्दछु ।

१. नेपालको संविधान,२०७२ जारी भएपछी दोस्रो पटक निर्वाचित जनप्रतिनिधिहरुको दोस्रो वर्षको कार्यकाल सुरु भएकोछ । पहिलो बर्षको कार्य अनुभवहरुको समिक्षा गर्दै यस सुखद अवसरमा सम्मानित भगवतीमाई गाउँपिलकाको गाउँ सभालाई सम्भोधन गर्न पाउँदा मलाई गर्वको अनुभूती भएको छ ।

२. संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमबाट लोकतन्त्रका आधारभूत मूल्य मान्यताको सम्मान, मानव अधिकारको संरक्षण, सहभागितामूलक शासन पद्धती र सुशासन कायम गर्नका लागि देशले लिएको **समृद्ध नेपाल, सुखी नेपाली**को राष्ट्रिय आकाङ्क्षालाई र कर्णाली प्रदेश सरकारको **"समृद्ध कर्णली, सुखारी कर्णाली बासी"** भन्ने दिर्घकालिन सोचलाई आत्मसात गर्दै भगवतीमाई गाउँपालिकाले लिएको **“व्यावसायिक कृषि, पशुपालन र पूर्वाधार, समृद्ध भगवतीमाई गाउँपालिकाको आधार”** भन्ने दीर्घकालीन सोच पुरा गर्ने तर्फ प्रतिबद्ध रही भगवतीमाई गाउँपालिकाको बार्षिक नीति तथा कार्यक्रम परिलक्षित रहेको छ ।

३. संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमबाट दिगो शान्ति, सुशासन, जनताका आधारभूत आवश्यकता परिपूर्ती गरि विकास र समृद्धिको चाहानालाई मुखरित गर्न संविधानमा नै अधिकारहरु र जिम्मेवारी सहितको स्पष्ट व्यवस्था हुनु, संघ र प्रदेश सरकारबाट वित्तीय अनुदान, समानीकरण, समपुरक, सशर्त र विशेष अनुदानको व्यवस्था गरेको छ ।

४. स्थानीय कानून बनाउने र कार्यान्वयन गर्ने, स्थानीय कर संकलन गर्न पाउने, स्थानीय कर्मचारी सेवा र अन्य सेवाको गठन गर्न पाउने, संघ र प्रदेश सरकारबाट समन्वय, निर्देशन र सहयोग लगायत नमुना कानूनको उपलब्धता हुनुले स्थानीय सरकारको अवसरको रुपमा लिइएको छ ।

५. पुष्पलाल (मध्य पहाडी) लोकमार्ग गाउँपालिका केन्द्र भएर जानु, पशुपालन र कृषि उत्पादनको सम्भावना बढी हुनु, सचेत र जागरुक नागरिक, राजनीतिक दल, नागरिक समाज हुनु जस्ता सु-अवसर प्राप्त हुनु हाम्रो लागि गौरवको विषय हो भने,

६. सीमित स्रोत साधनका बीच नागरिकका असीमित आकङ्क्षा पुरा गर्न नसक्नु, भौगोलिक विकटतासँग जुध्दै भौतिक पूर्वाधार विकास गर्नुपर्ने, अधिकार खोज्ने तर

कर्तव्यबाट पन्छिने प्रवृति र संस्कारलाई चिर्दै गाउँपालिकालाई सामाजिक र आर्थिक रुपमा समृद्ध र सवल बनाउनु पर्ने, संविधानद्धारा प्रदान गरिएको अधिकार अनुरुप आवश्यक कानुनहरु तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गर्नु पर्ने,

७. गाउँपालिकाको आन्तरीक आयको लागि कर तथा सेवा शुल्कका मापदण्ड तथा क्षेत्रहरु पहिचान तथा निर्धारण गरी गाउँपालिकाको राजश्व अभिवृद्धि गर्न र प्रभावकारी कार्यान्वय गर्नु पर्ने,

८. सेवाप्रवाहलाई जनकेन्द्रित, प्रभावकारी र जनउत्तरदायी बनाउनु तथा आवश्यकतामा आधारित, समावेशी, सन्तुलित र दीर्घकालीन विकास निर्माणलाई आत्मसाथ गर्नु पर्ने,

९. जातीय, धार्मिक, सांस्कृतिक तथा भौगोलिक विविधतालाई सम्वोधन गर्नु, विकास निर्माण तथा प्रशासनिक कार्यमा हुन सक्ने, ढिलासुस्ती तथा सेवा प्रवाहलाई छिटो छरितो, मितव्ययी, प्रभावकारी, पारदर्शी, पूर्व अनुमानयोग्य तथा गुणस्तरीय बनाउनु पर्ने, समष्टिगत आर्थिक सूचकहरुको विश्लेषण गर्नु र समुचित रुपमा प्राकृतिक स्रोत साधनको उपयोग तथा संरक्षण गर्नु जस्ता चुनौतिहरुको हाम्रो सामु विद्यमान छन् ।

१०. विभिन्न अवसरहरुको अधिकतम उपयोग र चुनौतिहरुको विवेकपुर्ण सामना र समाधान गर्दै उपलब्ध अधिकारको उपयोग गर्दै गाउँपालिकालाई आवश्यक पर्ने कानुनहरु बनाई कार्यान्वयन गरिने छ ।

११. संघ र प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय अनुदान, वित्तीय समानीकरण अनुदान, समपुरक अनुदान, सशर्त अनुदान र विशेष अनुदानबाट नागरिकहरु प्रत्यक्ष लाभान्वित हुनेगरि प्रतिफलयुक्त योजना तथा कार्यक्रम बनाई कार्यान्वयन गरिनेछ ।

१२. एक घर एक धाराको नीति बमोजिम सबै घरधुरीमा स्वच्छ खानेपानी पुऱ्याउने अभियान लाई निरन्तरता दिइने छ ।

१३. कृषि क्षेत्रको व्यावसायिकरण, विविधिकरण र बजारीकरण र आधुनिकिकरण लाई ध्यान दिदै कृषि जन्य उत्पादनको ढुवानी अनुदानका कार्यक्रमहरु संचालन गरिनेछ ।

१४. . गाउँपालिकाको आन्तरिक आय वृद्धि गर्न सम्पत्तिकर, भूमीकर, वहालकर, व्यवसायकर लगाएतका अन्य करहरुलाई पूर्णरुपमा कार्यान्वयनमा ल्याईनेछ ।

१५. गाउँपालिकाका सबै वडाहरुमा विद्युतको राष्ट्रिय प्रसारण लाईन जडान, वडा तथा वस्तीमा विद्युत लाईन विस्तार कार्यलाई विशेष प्रथामिकता दिइनेछ ।

१६. संघीय तथा प्रदेश सरकारको विभिन्न अनुदान र गाउँपालिकाको लागत साझेदारीमा निर्माणाधिन वडा कार्यालयहरुको भवन,आधारभूत अस्पतालको भौतिक पूर्वाधार निमार्ण स्वास्थ्य चौकीहरुको भवन निर्माण कार्य सम्पन्न गर्ने र निमाण गर्न बाँकी वडा कार्यालय भवन र स्वास्थ्य चौकी भवन निमार्ण गरिनेछ ।

१७. श्रम रोजगार बैंक कार्यक्रम, प्रधानमन्त्री रोजगार कार्यक्रम, मुख्यमन्त्री रोजगार कार्यक्रम, कृषि तथा पशुपालनमा अनुदान तथा, विभिन्न लक्षित तथा गरिब वर्गमा सीपमूलक तालिम र आयआर्जन कार्यक्रम मार्फत गरिब तथा बेरोजगार युवाहरुको लागि रोजगारीका अवसरहरु वृद्धी गरी बेरोजगारी तथा गरिवी न्यूनकरणको लागि पहल गरिनेछ ।

१८. सेवाप्रवाहलाई चुस्तदुरुस्त बनाउन कार्यालयहरुको संस्थागत सुदृढिकरण क्षमता विकास, जनप्रतिनिधी तथा कर्मचारीहरुको क्षमता विकास गर्नुको साथै सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई र सूचनाको हकको प्रत्याभूती मार्फत सुशासन कायम गरिनेछ ।

१९. संविधानमा उल्लेखित राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु, दिगो विकासको लक्ष्य, राजनीतिक दलका प्रतिवद्धताहरु, स्थानीय सरकार संचालन ऐन, नेपाल सरकार र प्रदेश सरकारको नीति, कार्यक्रम तथा बजेट, संघीय सरकारको १५ औं योजना, कर्णाली प्रदेश र भगवतीमाई गाउँपालिकाको पहिलो आवधिक योजना,वार्षिक योजना तथा बजेट तर्जुमा मार्गदर्शन, नेपाल सरकारले अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिवद्धता र सृजित दायित्व, गाउँपालिकाका पदाधिकारी ज्यूहरु, विषयगत शाखा, नीजि क्षेत्र र नागरिक समाजबाट प्राप्त राय सुझावहरु समेटी नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

२०. गाउँपालिकाको सामाजिक, आर्थिक र पूर्वाधार विकास, गाउँपालिकावासीले दिएको साथलाई आत्मसात गर्दै **"कृषि, पशुपालन र पूर्वाधार, समृद्ध भगवतीमाई गाउँपालिकाको आधार"** भन्ने दिगो सोचलाई अगाडी बढाई गाउँपालिकाको प्रतिष्ठालाई उच्च राख्ने गरी आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम गाउँसभा समक्ष प्रस्तुत गर्न पाउँदा गौरवाविन्त अनुभूति गरेको छु ।

**गाउँसभा सदस्य ज्यूहरु,**

## आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रमको समिक्षा :

१. भगवतीमाई गाउँपालिकाका किसानको उत्पादनलाई बजारिकरणको लागि कृषि उपजको ढुवानी अनुदान वितरण गरियो ।

२. विभिन्न वडाहरुमा बाख्रापालन पकेट क्षेत्र, सुन्तला पकेट क्षेत्र, आलु पकेट क्षेत्र कार्यक्रम संचालन गरिएको छ भने माछापालन र मौरीपालन व्यवसायलाई प्रवर्द्धन गरिएको छ ।

३. पशु पन्छी सेवा ल्याव स्थापना गरी पशुचौपायाहरुमा देखा परेको लम्पी स्कीन रोगको रोकथाम तथा नियन्त्रणको लागि पशु सेवा प्राविधिकहरुलाई टोल बस्तिमा खटाइ महामारी नियन्त्रण कार्यलाई प्रभावकारी बनाइएको छ ।

४. लघु उद्यम विकास कार्यक्रम मार्फत उद्यमीहरुको स्तरोन्नती तथा नयाँ उद्यमी सृजना गर्ने कार्यलाई तिव्रता दिइएको छ ।

५. शिखरढ्वारी पर्यटन पूर्वाधार निर्माण कार्य प्रारम्भ गरिएको छ भने नेपाल सरकार र गाउँपालिकाको लागत साझेदारीमा मयाराम स्मृति पार्क निर्माण कार्यलाई पूर्णतादिन आवस्यक पहल भईरहेको छ ।

६. प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत २१० जना, मुख्यमन्त्री रोजगार कार्यक्रम मार्फत २५१ र श्रम रोजगार बैंक कार्यक्रम मार्फत २१० गरी जम्मा ६७१ जनालाई रोजगारी प्रदान गरी बेरोजगारको संख्या न्यूनीकरण गरिएको छ ।

७. सामुदायिक विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण तथा फर्निचर व्यवस्थापन, पुस्तकालय तथा विज्ञान प्रयोगशाला स्थापना गरि शैक्षिक क्षेत्रलाई समुन्नत गर्ने कार्य भएको छ । शुन्य दरवन्दी भएका सामुदायिक विद्यालयहरुमा शिक्षण अनुदान प्रदान गरी शिक्षण सिकाई क्रियाकलापलाई सहज गरिएको छ ।

८. भगवतीमाई १० शैया आधारभूत अस्पतालको भौतिक पूर्वाधार निमार्णको लागि डि.पि.आर स्वीकृत भई ठेक्का प्रकृया अगाडि बढाईएको छ ।

९. सामाजिक सुरक्षा भत्तालाई बैंकिङ प्रणाली मार्फत वितरण गर्नुका साथै अपाङ्गता भएका व्यक्ती र जेष्ठ नागरिकहरुलाई वडा कार्यालयबाट सामाजिक सुरक्षा भत्ता वितरण गरिएको छ । साथै ६० देखि ६८ बर्ष सम्मका एकल पुरुषहरुलाई जिवन निर्वाह भत्ता वितरण लाई निरन्तरता दिइने छ।

१०. गाउँपालिकाको केन्द्र देखी वडा केन्द्रमा जाने सडक स्तरोन्नती गर्ने कार्य भइरहेको छ, साथै वडा नं १ देखि ७ सम्म जोड्ने चक्रपथ निर्माण कार्य प्रारम्भ गरिएको छ ।

११. १ वटा झोलुङ्गे पुल निर्माण सम्पन्न गरिएको छ । ७ वटा सामुदायिक विद्यालयको भवनमा ३२ वटा कोठा निमार्ण सम्पन्न भइसके भने अन्य आयोजनाहरु निर्माणधिन रहेका छन् ।

१२. गाउँपालिकाको प्रशासकीय भवनको निमार्ण कार्य सम्पन्न गरि पालिकाको आफ्नै भवनबाट सेवा प्रवाह सुचारु गरिएको छ । साथै वडा नं. २,३ र ७ का वडा कार्यालय भवन निर्माण कार्य सञ्चालन गरिएको छ र चिपिन सामुदायिक स्वास्थ्य इकाई र पगनाथ स्वास्थ्य चौकी भवन निमार्ण कार्य चालु आ.ब. मा सम्पन्न गरिने छ ।

१३. प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम र गाउँपालिकाको लागत साझेदारीमा संस्थागत विकास र सुशासन प्रर्वद्धन कार्यक्रम कार्यान्वयन गरिएको छ ।

१४. भगवतीमाई गाउँपालिकाको शिक्षा ऐन,२०७९ निर्माण गरियको छ साथै प्रत्येक विद्यालयहरुमा कक्षा १ र ६ मा नमुना कक्षा सञ्चालन गरियो ।

१५. विद्यार्थी, जेष्ठ नागरिक, गर्भवती महिला र असाय बालबालिकाहरुका लागि कर्णाली प्रदेश अस्पताल सम्म एमबुलेन्स सेवा निशुल्क प्रदान गरियो ।

१६. सहिद परिवारहरुलाई आयमूलक कार्यक्रम, द्वोन्द्धका घाइतेहरुको लागि उपचारको व्यवस्थाका साथै द्वन्द पिडितका परिवारलाई स्वास्थ्य विमा गर्ने व्यवस्था गरियो ।

१७. पालिकालाई पुर्ण खोप घोषण कार्यक्रम र कट्टी स्वास्थ्य चौकीलाई पुर्ण पोषण युक्त घोषण गरियको छ।

१८. स्वास्थ्य शिविर सञ्चान गरि २५०० जना लाई विशेषज्ञ स्वास्थ्य सेवा प्रदान गरियो ।

१९. न्यायिक समिति मार्फत ३१ जना लाई मेलमिलाप कर्ताको तालिम प्रदान गरि सूचिकृत गरियको छ

२०. नेपाल विद्युत प्राधिकरणबाट वडा नं.१ र ७ अन्तर्गत विद्युत लाईन नपुगेको ठाउँमा विद्युत लाईन विस्तारको लागि ठेक्का प्रकृया अगाडी बढाईएको छ । साथै अन्य वडा २,३,४,५ र ६ को विद्युत लाईन विस्तारको लागि नेपाल विद्युत प्राधिकरणले लागत अनुमान तयार गरि अगाडि बढाई सकेको छ ।

२१. गाउँपालिका अन्तर्गत सञ्चालन गरिने विकास योजना तथा कार्यक्रमहरुलाई व्यवस्थित तवरबाट सञ्चालन गर्नको लागि टोल विकास संस्था गठन गरि परिचालन गरियो ।

२२. बालमैत्री स्थानीय शासन पद्धति कार्यन्वयनमा ल्याइयको छ।

२३. भगवतीमाई आधारभूत अस्पतालबाट स्वास्थ्य सेवा प्रदान गर्नको लागि आवस्यक मिलाइयको छ ।

२४. भू उपयोग योजना तयार गर्ने कार्य भैरहेको र लोहोरे खोर शिखरद्धारी सडक स्तरोन्तीको लागि डि. पि. आर तयार गरि बजेट व्यवस्थाको लागि नेपाल सरकार र प्रदेश सरकार सँग पहल गरियको छ।

## गाउँसभा सदस्य ज्यूहरु,

गाउँपालिकाको आवश्यकता, प्राथमिकता र अधिकारको समूचित रुपमा विकास गरी आवधिक योजनाको लक्ष्य तथा उदेश्य पुरा गर्न सकिएमा गाउँपालिका गाउँवासीहरुप्रति उत्तरदायी भएको ठहर्छ भन्ने कुरालाई मनन गर्दै **"व्यावसायिक कृषि, पशुपालन र पुर्वाधार, समृद्ध भगवतीमाई गाउँपालिकाको आधार"** भन्ने परिकल्पनालाई साकार पार्न म यस गरिमामय सभा समक्ष आ.व. २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहान्छु ।

## गाउँपालिकाको समग्र नीतिहरु

१. कृषि क्षेत्रको व्यावसायिकरण, विविधिकरण, उत्पादन र उत्पादकत्व वृद्धि गर्न वेरोजगार युवाहरुलाई कृषि पेशामा आकर्षित गरिने छ ।

२. श्रम रोजगार बैंक कार्यक्रमलाई विस्तार गर्न रोजगारमूलक योजना तथा कार्यक्रम कार्यान्वयन गरी गाउँपालिकामा नै रोजगारीका थप अवसरहरु सिर्जना गरिनेछ ।

३. गाउँ कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयहरुको व्यवस्थापन, जनशक्ति र स्रोत साधनको व्यवस्थापन गरी सेवा प्रवाहलाई चुस्तदुरुस्त बनाई सुशासनको प्रत्याभूति गराईनेछ ।

४. स्थानीय तहको अधिकार क्षेत्रभित्र गाउँपालिकाले लगाउन र उठाउन पाइने कर, गैरकर तथा राजश्वका स्रोतको पहिचान, संकलन, उपलब्ध स्रोतहरुको अधिकतम प्रयोग गरी करका दर र करको दायरामा वृद्धि गरिनेछ ।

५. वातावरणमैत्री, बालमैत्री र समावेशी स्थानीय शासन पद्धती कार्यान्वयनमा ल्याइनेछ ।

६. ऐतिहासिक, धार्मिक पर्यटकीय स्थलहरुको पहिचान, संरक्षण र संवर्द्धनमा जोड दिइनेछ ।

७. यस गाउँपालिकाको सामाजिक, भौतिक र आर्थिक विकासको लागि आवधिक योजना, मध्यकालिन खर्च संरचना, क्षेत्रगत गुरुयोजना (Sectrol Master Plan) रणनीतिक गुरुयोजना निर्माण गरि योजनाबद्ध विकास अभियानहरु कार्यान्वयन गर्न विभिन्न सरकारी, गैरसरकारी तथा दातृ निकायहरुसंग समन्वय र सहकार्य गरिने छ।

## १. आर्थिक विकास तथा रोजगार नीतिः

### क)कृषि खाद्य तथा पशुपंछी नीतिः

क. बाख्रा पालन, भैसी पालन, बंगुर पालन, कुखुरा, कालिज पालन, मौरिपालन, माछापालन, फलफूल, खाद्यान्न, तरकारी र मसला तथा नगदे बालीको छुट्टा छुट्टै पकेट कार्यक्रम सञ्चालन लाई निरन्तरता दिइनेछ ।

ख. कृषि क्षेत्रको उत्पादन एंव उत्पादकत्व बढाउदै गाउँपालिकाको आर्थिक विकासमा यस क्षेत्रको योगदान वृद्धि गरनुका साथै पशुपालनका लागि आवश्यक पर्ने डाले घाँस, भुँई घाँस लाई प्रवर्द्धन गरि थप दुध उत्पादनमा वृद्धि गरिने छ ।

ग. व्यवसायिक रुपमा कृषि पेशामा संलग्न कृषक, कृषि समुह, कृषि सहकारी र कृषि फर्महरुलाई व्यवस्थित तथा पालिका भित्रका सबै कृषकहरुलाई परिचय पत्र वितरणगरी किसान सूचिकरण कार्यलाई निरन्तरता दिइनेछ ।

घ. ग्रेप परियोजनासँग समन्वय तथा सहकार्य गरी कृषि क्षेत्रको विविधिकरण, व्यवसायीकरण र जलवायुमैत्री कृषी प्रणालीमा योगदान पुर्‍याइनेछ ।

ङ. व्यवसायीक कृषकहरुलाई उत्पादनको लागि कृषि अनुदान, बजारीकरणको लागि ढुवानीमा अनुदानको व्यवस्था गरिनेछ ।

च. कृषि रसायनको प्रयोगबाट माटो तथा जलाशयको अवस्थामा पर्ने नकारात्मक प्रभाव तथा अन्य वातावरणीय समस्यालाई न्युन गरिनेछ । साथै पशुपंछीमा प्रयोग हुने औषधी तथा हर्मोनहरुको प्रयोगमा कमी ल्याइनेछ ।

छ. भगवतीमाई गाउँपालिका भित्रको बाँझो जग्गाको उपयोग गर्नको लागि प्रभावकारी कार्यक्रम सञ्चालन गरिने छ ।

ज. उन्नत विउ, (खाध्यान्न तरकारी) वितरण गरि आधुनिक प्रविधिको हस्तारणका साथै "**गुरु किसान** " कार्यक्रम सञ्चालन गरिनेछ ।

झ. किसानहरुलाई सामुहिक खेती पर्वद्धनको लागि "**एक बगैंचा अनेक स्वामित्व**" कार्यक्रमलाई निरन्नतरता दिइनेछ ।

ञ. कृषि संकलन केन्द्रको सञ्चान, कृषि हाट बजारको स्थापना गरि उत्पादनमा आधारित अनुदान कार्यक्रमलाई लागु गरिनेछ ।

ट. जलवायु मैत्री कृषि प्रणालीको विकास गरेर आर्थिक अवसरहरु सिर्जना गर्न कृषकहरु, जनप्रतिनिधिहरु तथा कर्मचारीहरुलाई जलवायु मैत्री कृषि प्रवर्द्धन क्षमता अभिवृद्धि गरिने छ।

ठ. जलवायुमैत्री कृषि नीति अवलम्वनगरी कृषकको तथ्याङ्क संकलन, जलवायुमैत्री कृषि विकास, जलवायुमैत्री कृषक सिकाई केन्द्र जस्ता कार्यक्रमहरु संचालन गरिने छ ।

ड. रैथाने बालीको संरक्षण गरि उत्पादनको आधारमा प्रोत्साहन गरिने छ ।

ढ. कृषि तथा पशु पन्छी र बाली उपचारमा केन्द्रित रहि महामारी तथा आकस्मिक रोग नियन्त्रण कार्यक्रम सञ्चालनमा ल्याइने छ ।

ण. १५ बर्षे कृषि विकास रणनीति तर्जुमा गरि कार्यान्वयनमा ल्याइनेछ ।

## ख) उद्यमशिलता पर्वद्धन तथा रोजगार नीतीः

क. भगवतीमाई गाउँपालिका क्षेत्र भित्र  उद्यम गरिरहेका परम्परागत तथा स्थानीय व्यवसायिहरुको सीप उपयोग तथा विकासका लागि प्रोत्साहित गर्ने र नव प्रविधिको विकास र प्रवर्द्धन गरि गाउँपालिकामा खपत हुने वस्तु र सेवाको उत्पादन र बजारीकरण गर्ने नीति अवलम्बन गरिने छ ।

ख. भगवतीमाई गाउँपालिका र साझेदार संस्थाहरुले सञ्चालन गर्ने उद्यम शिलता सम्बन्धी तालिमहरु एकिकृत प्रणालीबाट सञ्चालन गरिनेछ ।

ग. भगवतीमाई गाउँपालिका भित्र सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा  वृद्धि गर्न समुहमा प्रविधि हस्तान्तरण गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

घ. जुनसुकै क्षेत्रमा काम गर्ने  श्रमिकहरुलाई  श्रम ज्याला सुनिश्चिता गरिने छ ।

ङ. प्रधानमन्त्री रोजगार, मुख्यमन्त्री रोजगार र श्रम रोजगार बैंक कार्यक्रम मार्फत "एक घर, एक रोजगार" नीति अवलम्वन गरिने छ ।

च. बेरोजगार यूवाहरुलाई विदेशिनबाट रोक्नको लागि नीजि क्षेत्रसंगको सहकार्य र समन्वय गरि रोजगारिका अवसरहरु सिर्जना गर्न पहल गरिने छ ।

छ. गाउँपालिकाले रोजगारीका अवसरहरु निर्धारण गर्दा नेपाल सरकारको लियको आरक्षण व्यवस्थालाई पालिकाले पनि अवलम्वन गर्ने छ ।

## ग) उद्योग तथा व्यापार नीतिः

क. औधोगिक ग्राम स्थापनाको लागि पहल गरी स्थानीय कच्चा पदार्थमा आधारित व्यवसायी तथा उद्यमीको प्रवर्द्धन, नियमन तथा अनुगमन गर्ने नीति लिइने छ ।

ख.  पुराना उद्यमीहरुको स्तरोन्नती र नयाँ उद्यम शिलताको माध्यमबाट नयाँ उद्यमी सिर्जना गरि रोजगारी सिर्जना गरिने छ ।

ग. स्लेट खानी व्यवस्थित रुपमा सञ्चालन गर्न सर्वेक्षण गरी स्लेटसँग सम्बन्धित उद्योग सञ्चालन गर्ने सरकारी, साझेदारी वा निजी क्षेत्रलाई लगानी गर्न प्रोत्साहन गरिने छ ।

घ. भगवतीमाई गाउँपालिका क्षेत्र भित्र सञ्चालनमा रहेका व्यापार व्यवसायहरुलाई अनिवार्य रुपमा गाउँपालिकामा दर्ता गरि व्यापार व्यवसायहरुको प्रवर्द्धन गरिनेछ ।

ङ. परम्परागत घरेलु उद्योगलाई पर्वद्धन गरिने छ ।

## घ) पर्यटन नीतिः

क. यस गाउँपालिकाको पर्यटन पवर्द्धन गरी स्थानीय जनताको जीवनस्तर उकास्न पर्यटन पूर्वाधारको निर्माण, सम्वर्द्धन र विस्तार गर्ने कार्यलाई प्रथामिकता दिइनेछ ।

ख. भगवतीमाई गाउँपालिका भित्र रहेका पर्यटकीय स्थलहरुको विभिन्न माध्यमबाट प्रचार प्रसार गरिनेछ ।

## ङ) भूमी, सहकारी तथा वित्तीय नीतिः

क. भूमि आयोगको सहकार्यमा अव्यवस्थित बसोबासी, भूमिहिन सुकुम्वासी र भूमिहिन दलितहरुलाई जग्गा धनी पूर्जा वितरण गरिने छ ।

ख. भगवतीमाई गाउँपालिकाको भू-उपयोग नीति कार्यान्वयनमा ल्याइने छ ।

ग. "समृद्धिको लागि सहकारी अभियान"लाई सफल बनाउन सहकारीहरुलाई आर्थिक विकास सँग जोड्न कृषि, आयआर्जन र रोजगारीको क्षेत्रमा परिचालित गरिने छ ।

घ. भगवतीमाई गाउँपालिका भित्र रहेका सहकारीहरुलाई प्रभावकारी रुपमा सञ्चालन गर्नको लागि सहकारी संस्थाहरुको अनुगमन, नियमनका साथै एकै किसिमको उद्देश्य भएका सहकारीहरुलाई मर्ज गरिने छ ।

# २. सामाजिक विकास नीतिः

## च) शिक्षा नीतिः

क. बालबिकास तथा पूर्व प्राथमिक शिक्षाको अनुभव सहित कक्षा १ मा बालबालिकाहरुलाई भर्ना गर्न " एक विद्यालय एक बालबिकास केन्द्र " कक्षाको व्यवस्था गरिनेछ विद्यालय देखि टाढा रहेका समुदायमा स्थानीय बासिको सहयोगमा सामुदायीक बाल बिकास केन्द्र सञ्चालनको साथै बालबिकास केन्द्रका सहजकर्ता तथा विद्यालय कर्मचारीहरुलाई नेपाल सरकारले उपलब्ध गराएको पारिश्रमिकमा पालिकाले केहि थप पारिश्रमिक उपलब्ध गराउन सक्ने छ ।

ख. शुन्य दरवन्दी रहेका तथा विद्यार्थीको अनुपातमा कम शिक्षक दरबन्दी रहेका विद्यालयमा शिक्षकको अभाव हुन नदिन शैक्षिक सहायता अनुदान कार्यलाई निरन्तरता दिइनेछ । साथै विद्यार्थी संख्याको अनुपातमा शिक्षक दरबन्दी मिलान गरिने छ ।

ग. "वर्तमान समाजको आवश्यकता, गुणस्तरीय शिक्षाको सुनिश्चितता" भन्ने नारालाई अवलम्बन गरी जीवन उपयोगी, व्यवसायिक एंव प्रविधीयुक्त शिक्षाको विकासको लागि शैक्षिक गुणस्तर सुधार गर्ने नीति अवलम्बन गरिनेछ ।

घ. प्राविधिक धारका विद्यालयहरुमा अध्यनरत विद्यार्थीहरुलाई "सिक्दै कमाउँदै" भन्ने कार्यक्रमलाई कार्यान्वयन गरी शैक्षिक एंव आर्थिक स्तरोन्नतीका लागि कृषि सिकाई केन्द्र स्थापना गरिने छ ।

ङ. विद्यालयको पढाई बिचैमा छोड्ने विद्यार्थीहरुको दरलाई न्यून गर्न वास्तविक कारण पहिचान गरी बालमैत्री शिक्षण पद्धतीलाई अवलम्बन गरिने छ ।

च. नविनतम आधुनिक प्रविधि शिक्षण विधि तथा परिक्षण प्रणालीद्धारा शैक्षिक गुणस्तर सुधारका लागि शिक्षक तथा विद्यालय कर्मचारीहरुको क्षमता विकास गरिनेछ ।

छ. शिक्षा पेशालाई मर्यादित र सम्मानित बनाउन विभिन्न किसिमका रचनात्मक कार्यक्रम सञ्चालन गरिनेछ ।

ज. प्राथमिक तहका शिक्षक तथा विद्यार्थीहरुलाई प्रोत्साहित गरि सिकाईमा सुधार ल्याउन नमुना सिकाई कार्यक्रम सञ्चालन गरिने छ ।

झ. पालिका भित्रको वौद्धिक सम्पतिको संरक्षण गर्ने र वौद्धिक क्षमता पलायनलाई रोक लगाउन विभिन्न उपायहरु अवलम्वन गरिनेछ ।

ञ. भगवतीमाई गाउँपालिकामा क्याम्पस स्थापना तथा सञ्चालनको लागि सम्भाव्यता अध्ययनको आधारमा क्याम्पस सञ्चालन गर्न पहल गरिनेछ ।

ट. विद्यालयको अनुगमन तथा सुपरिवेक्षण प्रणालीलाई प्रभावकारी बनाउन विद्यालय निरिक्षक नियुक्ति गरिनेछ ।

ठ. सामुदायिक सिकाई केन्द्रहरुलाई सामाजिक आर्थिक रुपानतरणको कार्यमा परिचालन गरिनेछ ।

## छ) जनस्वास्थ्य नीतीः

क. "स्वस्थताको लहर, सभ्य नागरिक गाउँपालिकाको रहर" भन्ने मर्मलाई ध्यान दिई गाउँपालिकाका सबै नागरिकहरु शारिरीक, मानसिक, सामाजिक र भावनात्मक रुपमा स्वस्थ रहि उत्पादनशील र गुणस्तरीय जीवनयापन गर्न सक्षम बनाइने छ ।

ख. पालिकाका विभिन्न स्थानहरुमा समय समयमा स्वास्थ्य शिविर सञ्चालन गरिने छ ।

ग. स्वास्थ्य सेवालाई सुलभ, कम खर्चिलो र गुणस्तरीय बनाउन स्वास्थ्य नीतिको प्रभावकारी कार्यन्वयन गर्नुका साथै स्वास्थ्य संस्थाहरुमा आवश्यक औषधी र स्वास्थ्य सामाग्रीहरुको व्यवस्था गरिने छ ।

घ. भगवतीमाई आधारभुत अस्पतालबाट गुणस्तरिय स्वास्थ्य सेवा प्रदान गर्नको लागि स्वास्थ्य सामग्री तथा उपकरणहरु जडान तथा दक्ष जनशक्तिको व्यवस्थापन गरिने छ ।

ङ. स्वास्थ्य सेवालाई सर्वसुलभ र नागरिकको निशुल्क स्वास्थ्य उपचारको हकलाई सुनिश्चित गर्न पर्याप्त औषधी र जनशक्तिको व्यवस्था गरिनेछ ।

च. स्वास्थ्य विमा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नुका साथै विपन्न नागरिकहरुको स्वास्थ्य विमा गर्न पहल गरिने छ ।

छ. कुपोषण न्युनिकरण तथा व्यवस्थापनका लागि आधारभुत अस्पताल अन्तर्गत OTC (बहिरंग उपचार केन्द्र) को व्यवस्थापन गरिनेछ ।

ज. प्राकृतिक चिकित्सा पद्धतिबाट हुने उपचारका लागि नागरिक आरोग्य सेवा केन्द्रलाई निशुल्क औषधी वितरणका लागि आवश्यक पर्ने औषधी तथा उपकरणहरुको व्यवस्थापनलाई निरन्तरता दिइने छ ।

झ. महिला स्वास्थ्य स्वयंम सेविकाको मनोवल उच्च राख्न प्रोत्साहान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

ञ. भगवतीमाई गाउँपालिका भित्र रहेका सम्पूर्ण स्वास्थ्य संस्थाहरु र खोप तथा गाउँघर किल्निकहरुमा भौतिक पूर्वाधारहरुको व्यवस्था पूर्णता दिइने छ ।

ट. सुत्केरी महिलालाई निशुल्क, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, असहाय बालबालिका र विद्यार्थिहरुलाई कर्णाली प्रदशे अस्पताल सुर्खेत सहुलियत दरमा एम्वुलेन्स सेवा प्रदान गरिनेछ ।

## ज) खानेपानी तथा सरसफाई नीतिः

क. यस भगवतीमाई गाउँपालिकामा "एक घर एक धारा" नीति मार्फत स्वच्छ खानेपानी तथा पुर्ण सरसफाई युक्त कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

ख. खानेपानी आयोजनाहरुको दिगो व्यवस्थापन गर्नका लागि भगवतीमाई गाउँपालिका र सबैका लागि दिगो खानेपानी तथा सरसफाइ परियोजनाको लागत साझेदारीमा खानेपानी योजना निर्माण र पुराना आयोजनाहरुको मर्मत सम्भार गरिनेछ ।

ग. खानेपानी तथा सरसफाई आयोजनाका साथै बालमैत्री तथा अपाङ्गमैत्री शौचालय निर्माणको लागि भगवतीमाई गाउँपालिका र नेपाल रेडक्रस सोसाइटीको लगायतका अन्य साझेदार संस्थाहरु सँग लागत सहभागितामा विभिन्न आयोजनाहरु सञ्चालन गरिनेछ ।

## झ) संस्कृति प्रवर्द्धन नीतिः

क. परमपरागत लोक कला संस्कृति, जात्रा, मेला पर्वको संरक्षण, सम्वर्द्धन र विकास गर्नको लागि आवश्यक पहल गरिनेछ ।

## ञ) लैंगिक समानता तथा सामाजिक समावेशिकरण नीतिः

क. बालमैत्री स्थानीय शासन पद्धतिको कार्यान्वयनका लागि सरोकारवाला निकायसंग समन्वय र सहकार्य गरिनेछ ।

ख. सामाजिक न्याय, सामाजिक समानता र समता, सामाजिक सुरक्षा तथा संरक्षणको माध्यमबाट सामाजिक र आर्थिक रुपमा पछाडी परेका वर्ग समुदाय र जातिको उत्थान गर्ने नीति लिइनेछ ।

ग. अनाथ र असहाय बालबालिकाहरुको लागि "बाल उद्दार कोष" लाई प्रभावकारी रुपमा परिचालन गरिनेछ ।

घ. महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति एंव लैंगिक तथा यौनिक अल्पसंख्यकको हित संरक्षण र समस्या सम्बोधन गर्न प्रदेश सरकार र सङ्घीय सरकार संग समन्वय र सहकार्य गरिनेछ ।

ङ. सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई सरल र सहज बनाउनको लागि बैंक संगको सहकार्यमा वडा कार्यालयबाट भत्ता वितरण गर्ने व्यवस्था मिलाईनेछ ।

च. ६० वर्ष देखि ६८ वर्ष मुनिका एकल तथा विदुर पुरुष ( अन्य कुनै प्रकारको सुविधा प्राप्त नगरेको ) लाई मासिक रुपमा दिदै आएको भत्तालाई निरन्तरता दिनुका साथै ५० देख ६० वर्ष उमेर समूहका एकल महिलालाई जिवन निर्वाह भत्ता उपलब्ध गराइनेछ ।

छ. जातिय विभेद तथा छुवाछुत अन्त्यको लागि कानुनि कक्षा जस्ता जनचेतनामुलक अभियानहरु सञ्चालन गरिनुका साथै दलित लक्षित कार्यक्रमहरुलाई व्यवस्थित वनाइने छ ।

ज. बालबिवाहको न्यूनीकरणका साथै बाल श्रम मुक्त पालिका घोषण गर्नको लागि विभिन्न अभियान सञ्चालन गरिने छ ।

झ. द्धन्द्ध पिडित, घाइते अपाङ्गता र शहिद परिवारलाई राहत, उपचार र आय आर्जनमुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

ञ. लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी विद्यमान कानूनी व्यवस्था, अवसरहरुको विषयमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनुका साथै विभिन्न दिवसिय कार्यक्रमहरु सञ्चालन गरिने छ ।

## ट) जनसंख्या व्यवस्थापन नीतिः

क. "सानो परिवार सुखी परिवार" को नारालाई अगाडि बढाउँदै जनसंख्या व्यवस्थापनको नीति लिइएको छ ।

ख. यस पालिका भित्र बसाइसराई गरि आउनेलाई प्रोत्साहन गरिने छ ।

## ठ) यूवा तथा खेलकुद नीतिः

क. भगवतीमाई मिनि स्टेडियमको भौतिक पूर्वाधार निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

ख. "एक वडा, एक खेल मैदान" निर्माणको लागि कर्णाली प्रदेश सरकार र नेपाल सरकारसँग विशेष पहल गरिने छ ।

ग. खेलकुद तथा अन्य क्रियाकलापहरु सञ्चालन गरि युवाहरु बिच प्रतिस्पर्धात्मक भावनाको विकास गरिनेछ ।

# ३. भौतिक पूर्वाधार विकास नीतिः

## १. सडक तथा पुलः

क. गाउँपालिकाको गौरवको आयोजनाको रुपमा रहेको चक्रपथ (रिङ्गरोड) निर्माण कार्यलाई उच्च प्राथमिकता दिदै यसै आर्थिक वर्ष भित्र सम्पुर्ण वडाहरु जोडिने गरि ट्र्याक खोलि कार्य सम्पन्न गरिनेछ।

ख. गाउँपालिका केन्द्र देखि वडा केन्द्र सम्म जाने सडक बाह्रै महिना यातायात सञ्चालन हुने गरी स्तरोन्नती गरिनेछ ।

ग. तुर्सु खोला बालतडा र कोष पक्कि पुल निर्माणको लागि आवश्यक प्रकृया अगाडी बढाउन नेपाल सरकार र प्रदेश सरकार सँग आवश्य पहल गरिने छ।

घ. झोलुङ्गे पुल निर्माण गर्न बाँकी स्थानहरुमा झोलुङ्गे पुल निर्माणको लागि झोलुङ्गे पूल क्षेत्र विकास कार्यक्रम र टि.बि.एस.यु सँगको सहकार्यमा आगामि आगामी ३ वर्ष भित्र सम्पन्न गर्न पहल गरिने छ।

ङ. ठुला आयोजनाहरुको निर्माण गर्दा प्रारम्भिक वातावरणिय परिक्षण प्रतिवेदन (आइ.ई.ई ) अनिवार्य रुपमा तयार गरेर मात्र निर्माण गरिनेछ ।

च. बेस्तडा बजार सडकको स्तरोन्नती र ढल निर्माणको लागि आवश्यक पहल गरिने छ ।

## २. भवन तथा वस्ती विकासः

क. निर्माणधिन वडा नं. २, ३ र ७ कार्यालयहरुको भवन निर्माण कार्य लाई सम्पन्न गरिने छ। साथै कट्टी स्वास्थ्य चौकीको भवन निर्माण कार्य सुरुवात गरिने छ।

**ख.** सुरक्षित, व्यवस्थित, भूकम्प प्रतिरोधी, अपाङ्गतामैत्री र वातावरणमैत्री भवन तथा आवास निर्माण गर्नका लागि वस्ती विकास तथा भवन निर्माण सम्बन्धी मापदण्ड, भवनसंहिता र निर्देशिकाहरु प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

**ग.** भगवतीमाई आधारभूत अस्पतालको भौतिक पूर्वाधार निर्माण गरिने छ ।

### घ. ऊर्जा लघु तथा साना जलविद्युतः

क. गाउँपालिकाको सम्पूर्ण घरधुरीमा विद्युतीकरणको विस्तार गर्नको लागि नेपाल सरकार, प्रदेश सरकार तथा नेपाल विद्युत प्राधिकरणबाट बजेट व्यवस्थाको लागि पहल गरिनेछ ।

ख. आगामी आर्थिक वर्ष देखि यस गाउँपालिकामा ऊर्जाको उपयोग तथा प्रयोग गर्न विद्युतिय चुल्लो र नविकरणिय उर्जा वितरण गरिनेछ ।

### ङ. सिंचाईः

क. यस गाउँ पालिकाको कृषि उत्पादकत्व बढी भएका खेतीयोग्य जमिनहरु मध्ये सिंचाई सुविधा नपुगेका भूमीमा सिंचाई सुविधा पुर्याउन ठुला सिंचाई आयोजना सञ्चालन गर्न नेपाल सरकार र प्रदेश सरकार सँग आवश्यक पहल गरिनेछ ।

ख. सहज ढङ्गले सिचाई सुविधा नपुग्ने स्थानहरुमा लिफ्टिङ् सिंचाईको माध्यमबाट सिंचाई सुविधा पुर्याउन नेपाल सरकार र प्रदेश सरकार सँग आयोजना माग गरिने छ ।

### च. सञ्चार

क. गाउँपालिकाका सबै नागरिकलाई इन्टरनेट सेवाको पहुँच विस्तारको लागि नेपाल टेलिकम र अन्य सेवा प्रदायक निकायसंग आवश्यक पहल गरिनेछ ।

## ४. वातावरण तथा विपद् व्यवस्थापन नीतिः

### क) वन तथा भू संरक्षण नीति

१. वन क्षेत्रको उचित संरक्षण गर्न वृक्षारोपण कार्यक्रमलाई प्रोत्साहन गरिने छ, पालिका स्तरिय वन महासंघलाई क्रियासिल गराइने छ ।

२. वनपैदावार जन्य अल्लो, लोक्ता सुनकाउलो लगायतका स्थानीय कच्चा पदार्थ संकलन तथा प्रशोधन कार्यलाई प्रोत्साहन गरिने छ ।

३. भगवतीमाई गाउँपालिकांस अधिकांस भू-भाग वन क्षेत्रले ढाकेकोहुनाले सो क्षेत्रको संरक्षण गरिने छ ।

४. वन पैदावार चोरी निकासी नियन्त्रण चरिचरन बन्द गरी वनसंरक्षणमा योगदान पुर्याउनुका साथै सामुदायिक वन उपभोक्ता समितिहरुको कुल आम्दानीको १० प्रतिशत

रकम गाउँ पालिकाको आन्तरिक आम्दानीमा जम्मा गर्नु पर्ने व्यवस्थालाई अनिवार्य कार्यान्वयन गरिने छ ।

५. भगवतीमाई गाउँपालिका क्षेत्र भित्रको वनजंगलमा पाइने वन्यजन्तुको संरक्षणको लागि चोरी सिकारी नियन्त्रण, आगलागी डढेलो नियन्त्रण गर्नको लागि अग्नी नियन्त्रण यन्त्र र अन्य विपद् प्रतिकार्य सामाग्रीहरुको व्यवस्थापन गरिने छ ।

६. यस पालिकाबाट जडिबुटी निर्यात गर्दा पालिकाको अनुमती अनिवार्यरुपमा लिनुपर्ने नीति अवलम्बन गरिने छ ।

७. सामुदायीक वन उपभोक्ता समितिले वन कार्ययोजना गाउँ कार्यपालिकाबाट अनुमोदन गराइ लागु गर्ने व्यवस्था गरिने छ ।

**ख. जलाधार संरक्षण**

१. भगवतीमाई गाउँपालिका क्षेत्रभित्र रहेका धारा, कुवा, पँधेरा आदिको उचित मर्मत सम्भार र संरक्षणका लागि वृक्षारोपण र रिचार्ज पोखरीहरुको निर्माण गरिने छ ।

**ग. जलवायु परिवर्तन**

१. भगवतीमाई गाउँपालिकामा सञ्चालित आयोजनालाई जलवायु परिवर्तन अनुकुल योजनाहरु सञ्चालन गर्न विकास निर्माणको क्षेत्रमा काम गर्ने संघ, संस्था र निजि क्षेत्र सँग समन्वय सहकार्य गरी जलवायुमैत्री क्रियाकलापहरु सञ्चालन गर्न प्रोत्साहन गरिने छ ।

**घ विपद् व्यवस्थापनः**

१. भगवतीमाई गाउँपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनालाई कार्यान्वयनमा ल्याइने छ ।

२. विपद्जन्य घटनाहरुबाट पिडितलाई गाउँपालिकाबाट उचित राहतको व्यवस्था गर्नुका साथै नेपाल रेडक्रस सोसाइटी तथा अन्य सरकारी तथा गैरसरकारी संघ,संस्थाहरु सँग समन्वय र सहकार्य गरिनेछ ।

३. विपद्को समयमा खोज उद्धार तथा राहातको लागि आवश्यक सामाग्रीको आपत्कालिन भण्डार केन्द्र स्थापना गरि विपद् सामाग्रीको भण्डारण तथा वितरणलाई प्रभावकारी बनाइने छ । विपद्लाई सहजतापूर्वक सामना गर्न गाउँपालिकाभित्र रहेका सार्वजनिक खुल्ला मैदान र सार्जवनिक भवनहरुको प्रयोग गरी यसको पूर्वतयारी प्रतिकार्य राहात र पुर्नस्थापना कार्यक्रमलाई सुरक्षित र व्यवस्थित तवरले सञ्चालन गरिने छ ।

४. भगवतीमाई गाउँपालिकाको बहुप्रकोप जोखिम आङ्कलन तथा नक्साङ्कन गरि बढी पहिरो भूक्षेको रोकथाम तथा नियन्त्रणको लागि नेपाल सरकार र प्रदेश सरकार सँग पहल गरिने छ।

## ५. संस्थागत विकास र सुशासन नीतिः

भगवतीमाई गाउँपालिकाको "गुणस्तरिय सेवा, सुशासनलाई टेवा" भन्ने नारालाई आत्मसाथ गर्दै यस भगवतीमाई गाउँपालिकाको कार्यालय र अन्तर्गतका कार्यलयहरुबाट हुने सेवा प्रवाहलाई चुस्तदुरुस्त र प्रभावकारी बनाउनको लागि देहाय अनुसारको नीति अवलम्वन गरिने छ ।

१. विद्यमान ऐन, कानुन र कार्यविधिहरुलाई प्रचलित ऐन कानुनसँग नबाझिने गरि आवश्यकता अनुसार परिमार्जन र संशोधन गरि व्यवहारिक वनाइने छ ।
२. गुस्तरिय सेवा प्रवाहको लागि निर्माणधिन वडा कार्यालय, स्वास्थ्य चौकी भवनहरुको निर्माण कार्यलाई निरन्तरता दिइने छ ।
३. संस्थागत विकास र सुशासनको लागि उपलब्ध साधन स्रोतको समुचित परिचालन गरिनुको साथै अन्य विकास साझेदारहरु सँगको समन्वय र सहकार्यलाई निरन्तरता दिइने छ ।
४. सर्वजनिक सेवा प्रवाहलाई पारदर्शी र विस्वनिय बनाई जनअपेक्षा सम्बोधन गर्न सक्षम प्रविधिमैत्री उत्तरदायि सुशासनको प्रत्यभुत हुनेगरी दक्ष जनसक्ती परिचालन गरिने छ ।
५. आन्तरिक आम्दानीलाई वृद्धी गर्न राजश्व सुधार योजना परिमार्जन तथा संशोधन गरि आन्तरिक राजश्व प्रणाली सुदृढिकरण गरि सूत्र प्रणालीमा Revenue Model लागु गरि वडा कार्यालयहरुबाट भूमि मालपोत तथा सम्पतीकर संकलन गरिने छ ।
६. परिवर्तित युगको माग अनुसारको डिजिटल सूचना प्रणाली व्यव्थित गरिने छ । साथै पेपरलेस ई- गभरनेन्समैत्री पालिका बनाउन जडान गरियको ई-हाजिर, सिफारिस, दर्ता चलानी र योजना सञ्चालन तथा व्यवस्थापन प्रणालीहरुलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइने छ । साथै अन्य शैक्षिक संस्थाहरुमा पनी ई- हाजिर प्रणालिलाई विस्तार गरिने छ ।
७. गाउँपालिकाको संस्थागत विकास आर्थिक, सामाजिक संस्थागत विकासको लागि नेपाल सरकार, प्रदेश सरकार, जिल्ला समन्वय समिति, छिमेकी स्थानीय पालिका, सरकारी तथा गैरसरकारी संघ संस्थाहरु सँग आवश्यक समन्वय र सहकार्य गरिने छ
८. गठन भएका टोल विकास संस्थाहरुको क्षमता विकास गराइ टोल बस्तिमा सञ्चालन हुने सम्पूर्ण योजना तथा कार्यक्रमहरुलाई पार्दशि, जवाफदेहि र जनउत्तरदायी गराइने छ ।

अन्त्यमाः

भगवतीमाई गाउँपालिकाको विकास सुशासन र समृद्धिको लागि योगदान गर्ने राजनीतिक दल, प्रतिनिधी सभा तथा प्रदेश सभाका माननीय सदस्य ज्यूहरु, राष्ट्रसेवक कर्मचारी, शिक्षक, बुद्धिजिबि, दातृ निकाय श्रमिक, निजि क्षेत्र, वित्तिय सस्था सहकारी र सामुदायीक क्षेत्र, नागरिक समाज, सरकारी तथा गैर सरकारी संघ संस्था, सञ्चार जगत, लगाएत सम्पूर्ण आमाबुवा दाजुभाई तथा  दिदीबहिनीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

**धन्यवाद**

गणेश बहादुर थापा

अध्यक्ष

भगवतीमाई गाउँपकालिक, बेस्तडा, दैलेख

मितिः २०८० साल असार ८ गते